# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल बैंकर्स सङ्घको एक प्रतिनिधि मण्डलले गभर्नर डा. युवराज खतिवडासँग आज भेट गरी निक्षेप वीमा, सोको प्रिमियम तथा वित्तीय क्षेत्रका अन्य समसामयिक विषयमा छलफल गऱ्यो । भेटमा सङ्घका अध्यक्ष अशोक राणाले बैंकहरू अहिले निकै दबाबमा रहेको जानकारी दिँदै निक्षेप बिमा गरिएको प्रिमियम रकमको उपयोग तथा सो प्रिमियम रकम न्यूनीकरणका बारेमा जिज्ञासा राख्नु भएको थियो । सो अवसरमा उहाँले चारै वर्गका बैंक तथा वित्तीय संस्थालाई छुट्टाछुट्टै प्रिमियम रकम निर्धारणका विषयमा छलफल गर्न आग्रह समेत गर्नुभएको थियो ।



सो अवसरमा गभर्नर डा. खतिवडाले वित्तीय क्षेत्र स्थायित्व कायम गर्दै स्वस्थ, सक्षम र प्रभावकारी वित्तीय सेवा प्रवाह गर्ने सम्बन्धमा बैंकर्स सङ्घले उठाएका कुराका सम्बन्धमा छलफल गर्न बैंक सदैव तयार तयार रहेको जानकारी दिँदै व्यवसायको आकार र जोखिमको मात्राका आधारमा बिमा प्रिमियम निर्धारण हुने हुनाले सोको आकारका सम्बन्धमा राष्ट्र बैंकसँग कम सरोकार हुने धारणा राख्नु भयो । निक्षेप बिमा तथा कर्जा सुरक्षण निगम सरकारी निकाय भएकाले बिमा प्रिमियम पूर्णतः सुरक्षित रहेको तथा ढुक्क भएर निक्षेपको बिमा गर्न सुझाव दिँदै उहाँले बिमाको यो प्रयास नाफा कमाउनु नभई निक्षेपकतालाई ढुक्कसँग कारोबार गर्न गरिएको प्रयास हो भन्नुभयो । सोका लागि समय नतोकी परिपत्र गरिएको जानकारी दिँदै डा. खतिवडाले कुनै संस्था समस्यामा पर्ने वित्तिकै बिमित निक्षेप फिर्ता गर्न व्यावहारिक नहुने भएकाले लिक्विडेसनमा गए पछि मात्रै सो रकम फिर्ता गर्न सकिने धारणा राख्नुभयो । उहाँले निगमलाई सशक्त र प्रभावकारी बनाउन अर्थ मन्त्रालयसँग छलफल भइरहेको जानकारी पनि दिनुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाले प्रकाशित गर्ने वासलातमा दबाब (Stress) सम्बन्धी सूचक पनि प्रस्तुत हुने संरचना (Mechanism) तयार गरेमा नेपाल राष्ट्र बैंकलाई पनि सोका बारेमा जानकारी हुन गई वित्तीय क्षेत्र स्थायित्व कायम गर्न सहयोग पुग्ने धारणा राख्नुभयो ।

सो भेटमा डेपुटी गभर्नर महाप्रसाद अधिकारीले निक्षेप बिमाको प्रिमियम वापत सङ्कलन भएको रकम सरकारी ऋणपत्रमा लगानी गरिने भएकाले सरकारी संस्थागत संरचनालाई विश्वास गर्न बैंकरहरूसँग आग्रह गर्नुभयो । अहिलेको कानुनी प्रणालीले ०.२ प्रतिशत प्रिमियम कायम गरे पनि भोलीका दिनमा यसका बारेमा छलफल गरी परिमार्जन गर्न सकिने धारणा उहाँले राख्नुभयो । सो अवसरमा प्रवक्ता भाष्करमणि ज्ञवालीले निक्षेप बिमा तथा कर्जा सुरक्षण निगम, उक्त संस्थाको गतिविधि, कानुनी संरचना तथा आगामी दिशाका सम्बन्धमा जानकारी दिनुभएको थियो ।

**२०६८ मंसिर १३**

गभर्नरको कार्यालय